
## बिल सुब्रिज्की, एक परिचय



बिल सुब्रिज्की प्रसिद्ध प्रचारक हुनुहुन्छ र उहाँले धेरै देशहरूमा क्रुसेडहरू सञ्चालन गरिसक्नुभएकोछ र उहाँलाई तपाईं किन इसाई हुनुभयो भनेर प्रायः सोध्ने गरिएको छ । उहाँले आफ्नो पुस्तकमा इसाई हुनुअघिको आफ्नो जीवन साथै इसाई भइसकेपछिको जीवनकोबारेमा गवाही दिनुभएकोछ । सुन्न तम्तयार भएको जो कोहि मानिस जीवनलाई परिवर्तन गरिदिने परमेश्वरको गजब प्रेम र उहाँको अदभुत शक्तिको निम्ति उहाँको गवाही एउटा विछट्टै साक्षी हो ।

### बिल सुब्रिज्की द्वारा लिखित अन्य पुस्तकहरू


१ प्रेशमा विजय
२ नयाँ गरी कसरी जन्मने
३ भूतात्माहरूको पराजय
४ पवित्रआत्माका वरदानहरू प्राप्त गर्न

पाईने ठेगाना
गुड न्यूज पब्लिकेसन्स
पोष्ट बक्स १०३८
काठमाण्डौ, नेपाल

अधिक जानकारीको लागि
जि.पि.ओ. ८९७५ ई. पि. सि. ७४८
काठमाण्डौ, नेपाल
Email:
नेपालको लागि: zeza4@yahoo.com (Zoell)
For English: findsalvation@hotmail.com (Matthew)

प्रथम संस्करण २,००००० प्रति (२००८)

# म किन ख्रीष्टियन भएँ ?



बिल सुब्रिज्की

# म किन खीष्टियन भएँ ?

बिल सुब्रिज्की

## प्राक्कथन

हाम्रो कानून मञ्चमा एक समयमा साझेदार रहेका न्यूजिल्यान्डमा नाम चलेको वकिलले केही बर्षअघि तपाईं किन खीष्टियन हुनु भयो भनेर मलाई सोधेका थिए। निम्न पृष्ठहरूमा त्यस प्रश्नको जवाफ छ...

## विषय-सूचि

अध्याय १ शुरुका दिनहरू ........................................२
अध्याय २ किशोर अवस्थाका दिनहरू ......................४
अध्याय ३ विवाह .....................................................६
अध्याय ४ मण्डली परिवार .....................................८
अध्याय ५ परिवार .....................................................१०
अध्याय ६ परिवर्तनको समय .....................................११
अध्याय ७ परमेश्वरले प्रेम गर्नुहुन्छ ..........................१२
अध्याय ८ म अल्झिएँ ............................................१५
अध्याय ९ नयाँ जन्म पाएँ ......................................१८
अध्याय १० परिवर्तन भएको परिवार ......................२०
अध्याय ११ येशूको साक्षी ........................................२१
अध्याय १२ परमेश्वरको आश्चर्यकर्म ......................२३
अध्याय १३ तपाईं नि त ? ......................................२८

# अध्याय एक
## शुरुका दिनहरू

म आठ बर्षको हुँदा मेरो चार बर्षे भाइलाई क्यान्सर लाग्यो । क्यान्सर रोगले मेरो भाइ ६ महिना पछि बित्यो । म त्यति बेला साह्रै दुब्लो थिएँ । उ बित्ने दिनमा म घरछेउको मैदानमा खेलिरहेको थिएँ । घरमा तुरुन्त आऊ भनेर मलाई कसैले बोलाइरहेको सुनें ।

केही नराम्रो घटना भएको छ भन्ने मलाई लाग्यो अनि म घर पछाडिको भऱ्याङबाट छिटो-छिटो चढ्दै गर्दा पर्खेर बस्नु भएको मेरी आमाले मलाई अँगालो हालेर रुँदै भन्नुभयो, "हामीसँग भएको बाँकी जे जति छ, तिमी नै    हौ ।" मेरो भाइ बितेछ भनेर मैले चाल पाइहालेँ । मेरो झट्केलो दाजु त हुनुहुन्थ्यो तर उहाँहरूको विवाह भएपछि जन्मेको छोरोचाहिँ म मात्र थिएँ ।

धेरै बर्षपछि मेरो आमाले मलाई तिम्रो भाइ केथले मर्ने बेलामा आफ्नो सुतेको कोठाबाट *"बाबा र आमा मकहाँ चाँडै आउनुहोस्"* भनेर बोलाउँदै गरेको सुन्नुभएको कुरा बताउनु भयो । उहाँहरू दौडेर भाइ सुतेको कोठातिर लाग्नुहुँदा केथ पूर्णरुपमा निको भएको अवस्थामा बसिरहेको देखेर उहाँहरू अचम्म मान्नु भएछ । भाइको वर्ण पनि फेरिएको र त्यतिबेला उ एकदमै स्वस्थ भएको देखिन्थ्यो रे । उसले बाबा आमातिर हेरेको थिएन रे । उसले ठूलो आशा राखेजस्तै गरी माथितिर हेर्दै भनेछ *"बाबा-आमा, अहिले म जानुपर्छ । बिदा ।"* त्यसपछि उ बितेछ ।

बाइबलले परमेश्वरका स्वर्गदूतले सँधै नानीहरूको मुहार प्रतिबिम्बित गर्दछ भनेर बताउँछ । कुनै पनि बालक बुझ्ने उमेरमा पुगेको छैन भने उसले न्याय आसन अघि खडा हुनुपर्दैन । यदि बुझ्ने उमेर नपुग्दै कुनै बालक बितेमा उनीहरू कुनै प्रकारको न्यायको सामना नगरीकन परमेश्वरको उपस्थितिमा प्रवेश गर्दछन् ।

केथको निम्ति स्वर्गदूत आएका थिए भन्ने कुरामा मलाई कति पनि शंका छैन । उसले बित्ने बेलामा स्वर्गदूतलाई हेरिरहेको थियो । त्यसैले यस्तो आनन्द र आशासहित उसले माथितिर हेर्दै थियो ।

निकै लामो समयसम्म थलिएपछि (उमेर नपुग्दै) मेरो जोडी बितेको घटना मैले देखेकी छु भनेर एक जना महिलाले मलाई भनेको कुरा अझ पनि झल्झली संझिरहेको छु । उनीहरूले विवाह गरेका थिएनन् रे । म त्यो दृश्य कहिल्यै पनि बिर्सन सक्दिन भनेर उनले मलाई भनिन् । उनको जोडी ओछ्यानमा उठेर बसेछन् । उसको अनुहारमा त्रासको दृश्य देखिएछ र उसले मर्ने बेलामा "नाइँ, नाइँ, नाइँ" भन्दै चिच्याउन थालेछ । वास्तवमा भन्नुपर्दा उसको लागि स्वर्गदूतहरू आएका थिएनन् । अन्तिम न्यायको निम्ति उसलाई नरकतिर लैजान भनेर शैतानको दुष्टशक्तिहरू आएको थियो ।

न्युजिल्यान्ड निवासी इयान म्याक कोरम्याक नाम गरेका एक जना ब्यक्ति मरे अनि केही क्षणको निम्ति नरकतिर गए । उनको मृत्युले नरकलाई कहालीलाग्दो अन्धकार र पिडाको रुपमा चित्रण गर्दछ । इयानले आफ्नो जीवन प्रभुमा अर्पण गर्ने मौका पाओस् भनेर प्रभु येशूले आफ्नो अनुग्रह र दयामा आफैंलाई उसको मृत्यु हुनु अघि प्रकट गर्नुभएको थियो ।
येशूले उसलाई नरकबाट तानेर निकाल्नुभयो र त्यसपछि उसलाई स्वर्ग  देखाउनुभयो । परमेश्वरले उसलाई पृथ्वीमै फर्केर जाने विकल्प दिनुभयो । इयानले पृथ्वीमा फर्केर आउने विकल्प रोजे किनभने उनको विश्वासी आमाले मेरो छोरा सँधैको लागि विनाशमा गयो भनेर सोचेको चाहँदैन थिए

चर्च नै नजाने मेरा बाबा आमाहरू केथको मृत्युपछि ब्राद्रेन सङ्गति जान थाल्नुभयो । भाइ बितेको आठ बर्षपछिसम्म म घरेलु सङ्गतिमा जाने गर्दथे तर त्यसपछि मैले परमेश्वरलाई त्याग्ने निर्णय गरे । मलाई रेडियो सुन्न, सिनेमा हेर्न अनुमति थिएन न त खेलकुदमा लाग्न नै उत्साह मिल्थ्यो । मेरो निम्ति ख्रीष्टियन जीवन नियमै-नियमले लादिएको खल्लो जीवन लाग्दथ्यो ।

*"इसाई जीवन यदि यस्तै नै हो भने मलाई यसप्रति कुनै चासो छैन ।"* भनेर सोच्ने गर्दथे ।

## अध्याय दुई
## किशोर अवस्थाका दिनहरू

माध्यमिक तहको पढाइपछि कानूनमा डिग्री गर्न भनेर म विश्व–विधालयमा भर्ना भएँ । मेरो जीवनको मुख्य उद्देश्य भनेको नै पैसा कमाउनु थियो । यदि म वकिल भएँ भने धनी हुनेछु भन्ने मलाई लाग्थ्यो । मेरो बाबा कडा परिश्रमी हुनुहुन्थ्यो तर कहिले पनि धेरै पैसा जोगिन्न थियो ।

उहाँ माछा मार्ने काम गर्नुहुन्थ्यो र मानिसहरूको घरघरमा गएर माछा बेच्ने गर्नुहुन्थ्यो । कहिले काहिँ खर्चपात धान्न पैसा पुग्दैन थियो । साहु आएर ढोका ढकढक गर्दा मेरी आमाले ढोका खोल्नुहुन्न थियो । मचाहिँ ओछ्यानमुनि लुकेर बस्थें ।

त्यस्ता कुराहरूले मैले जीवनमा आर्थिक रुपमा सफलता हासिल गर्नै पर्छ भन्ने निष्कर्षमा मलाई पुऱ्यायो । त्यही निष्कर्ष नै मेरा जीवनको पछिल्लो २० बर्षको लागि उर्जा बन्यो ।

विश्व–विद्यालयमा अध्ययन गर्दाखेरि खर्चहरू धान्नको निम्ति बिभिन्न प्रकारको आंशिक कामहरू गरें । मैले वेष्ट फिल्ड फ्रिजिङ वर्कस्मा बरफ जमाउने काममा मध्यरातदेखि विहान ६ वजेसम्म शिफ्ट् वर्करको रुपमा काम गर्ने गर्दथें । काममा आउन र जानको लागि साइकल चलाउने गर्दथें ।

त्यहाँ काम गर्ने केही मजदुरहरू खराब चरित्रका थिए । एक दिनको कुरा हो, मसँगै काम गर्ने एक जना मजदुरले कोही नभएको बेलामा मलाई च्याप्प समातेर यदि मसँग यौन सम्पर्क गरिनस् भने म तँलाई जनावरको सिनो उठाएर तल झारिने लिफ्ट् शाफ्टबाट हुत्याइदिन्छु भनेर धम्कायो ।

म तीन छक्क परेर उभिरहें तर भाग्यवशः त्यही बेला एक जना ब्यक्ति त्यो मानिस र म भएको कोठामा टुप्लुक्क आइपुग्यो, अनि म जोगिएँ । पैसा आर्जन गर्न भनेर मैले मानिसहरूको खेतमा पनि काम गरें । मेरो पालामा बिद्यार्थीहरूलाई ऋण दिने चलन थिएन ।

अन्ततः मैले कानूनी कार्यालयमा काम पाएँ । तलब भने नाम मात्रको हुन्थ्यो तर त्यहाँ काम गर्न र कानुनका व्यवहारिक पक्षहरू सिक्न पाउँदा म खुसी नै थिएँ । मैले हप्ताको ४ घण्टा मलाई काम दिने ब्यक्तिको निम्ति उसको कार्यालयमा काम गर्नु पर्दथ्यो अनि हरेक शुक्रबार मैले उसको बँगैचामा रेखदेख गर्न पर्दथ्यो ।

म अधिवक्ताको रुपमा योग्य भइसकेपछि मलाई काम दिने ब्यक्तिले तिमी आफैंले कानूनको वकालत गर्न शुरु गरे हुन्छ भनेर सल्लाह दिए । अब तिमी वकिलको रुपमा योग्य भइसकेका छौ र तिमीलाई उचित तलब दिन म सक्षम छैन भनेर उनले मलाई भने । मैले अधिवक्ताको रुपमा नियुक्ती पाइसकेपछि मैले वकालतको काम गर्न थालें ।

## अध्याय तीन
## विवाह

म विश्व–विद्यालयमा पाँच बर्षसम्म रहें । त्यसै बेला मैले टाढाबाट आएकी मेरी हुनेवाला श्रीमति प्याटलाई भेटें । उनको सुन्दर केशराशी र नृत्य क्षमताले मलाई उनीप्रति आकर्षित हुन कति पनि समय लागेन । म उनीसँग उनको बाबुआमाको घरमा गएँ र भोलि आइतबार तिमी आऊ भनेर मैले उनलाई भने तर आइतबारको दिन म चर्च जाँदैछु भनेर उनले मेरो कुरा मानिन् । त्यसपछि मैले थाहा पाएँ प्याट त सानैदेखि चर्च जाने राम्रो विश्वासी पो रहिछन् । उनी १३ जना सन्तानहरूमध्येकी सातौं सन्तान रहिछन् । उनी दश बर्षको हुँदा उनले आफ्ना साना भाइहरूलाई भेला पारेर सन्डे स्कूलमा लाने गर्थिन् । अन्तत मैले मन पराएको ब्यक्ति भनेको चर्च जाने ब्यक्ति पर्नगयो, यद्धपी मैले उनीसँगै अघि बढ्ने निर्णय गरें । दुई बर्षको अन्तरालमा वकिलको रुपमा योग्य भइसकेपछि मैले उनीसँग विवाह गरें । हाम्रो विवाह सु–सम्पन्न हुन सजिलो भने थिएन किनभने म चर्चमा विवाह गर्न चाहन्न थिएँ । एङ्लिकन पाष्टरले मलाई इसाई विश्वासमा शिक्षा नदिई विवाह गरिदिन सक्दिन भनेका थिए । उनको पहिलो कक्षामा नै उनले मसँग विवाद गर्न थालें किनभने म ब्रादरेन चर्चबाट आएको थिएँ । उनीहरूको भन्दा मेरो बाइबलीय दृष्टिकोण पूर्णरुपमा फरक थियो । अन्तमा उनले विवाद गर्न छाडेर हामीलाई विवाह गरिदिन राजी भए ।

हाम्रो विवाह भएको केही समयपछि प्रभुमा एकदमै समर्पित मेरो आमाको ४८ बर्षको उमेरमा असामयिक निधन भयो । उहाँले मेरो निम्ति धेरै बर्षसम्म प्रार्थना गर्नुभएको थियो । उहाँ प्रार्थनाको प्रतिफल हेर्नको निम्ति कहिले जिउनु भएन तर परमेश्वरले उहाँको प्रार्थनाका उत्तरहरू उचित समयमा दिनुभयो । मैले कानूनी अभ्यासमा लामो समयसम्म काम गरें र त्यसपछि त्यही क्षेत्रमा निर्माण हुन थालें । मेरो पालामा वकिलहरूले आफ्नो कानूनी सेवाको बिज्ञापन गर्न पाउने अवस्था थिएन । त्यसकारण, कानूनी सेवामा नाम कमाउनको निम्ति मेरो नाम भएको हरेक समितिमा सहभागी हुने गर्दथें । म बिद्यालय, चर्च र परिषदको समितिमा बसें,साथै मलाई चाहने हरेक सँस्थाको समितिमा पनि थिएँ । जीविकाको निम्ति तपाईले के गर्दैहुनुहुन्छ भनेर मलाई मानिसहरूले प्रायः सोध्ने गर्दथे र म वकिल हुँ भनेर उत्तर दिएपछि मैले अक्सर गरेर नयाँ ग्राहकहरू पाउने गर्दथे ।

निर्माणकर्तासँग साझेदारी गरेको केही बर्षपछि मैले एउटा कम्पनी शुरु गरें । त्यस कम्पनीलाई युनिभर्सल होम भनेर नामाकरण गऱ्यौं । यो कम्पनी पनि धेरै सफल भएर गयो । केही बर्षपछि मैले मेरा साझेदारको शेयर पनि फिर्ता गरिदिएँ ।

## अध्याय चार
## मण्डली परिवार

म एङ्लिकन चर्चमा जान थालें साथै चर्चको बिभिन्न समितिमा रहेर सेवा गरें । सिनोदमा रहेर काम गरें, जुनचाहिँ अकल्यान्ड डायोसिसको प्रशासक मण्डल हो । मैले अधिकांश स्थानीय चर्चहरूका पाष्टर तथा अगुवाहरू भएको समितिमा अध्यक्ष भएर काम गरें ।

छलफलहरूमा त्यति नबोल्ने तर बोल्न परेमा उचित बुद्धिमता देखाउने एक जना पाष्टर मैले त्यहाँ भेटें । एक रात उनी मेरो पछाडिपट्टि बसेका थिए र उनले मलाई यसो भने, *"बिल, तपाईले नयाँ जन्म नपाइन्जेलसम्म तपाईले बाइबलको कुरा कहिले पनि बुझ्नु हुनेछैन ।"* त्यसो भनेपछि उनी जुरुक्क उठेर हिँडीहाले । उनले भनेको कुरा मैले कहिल्यै बिर्सिनँ ।

म एङ्लिकन चर्चको अकल्यान्ड डायोसिसमा भण्डारे परिषदको अध्यक्ष भएँ । परिषदको उत्तरदायित्व भनेको विश्वासीहरूले बढीभन्दा बढी दिनुसकून् भनेर उनीहरूलाई उत्साह दिनु थियो । एक दिन एक जना ब्यक्तिबाट तपाई यस बिषयमा गलत बाटोमा लाग्दैहुनुहुन्छ भन्ने पत्र पाएँ । त्यस पत्रमा तपाईले नयाँ गरिजन्मनु र पवित्र आत्माको शक्ति पाउनु खाँचो छ भनेर लेखिएको थियो । त्यसपछि मैले मानिसहरूलाई दिने कुरामा कसरी उत्साह दिन सकिन्छ भनेर परमेश्वरबाट ज्ञान-बुद्धि माग्नु पर्ने भयो । मैले पत्र एक छेउमा थन्काएँ ।

हाम्रो वैवाहिक जीवनको शुरुका दिनहरूमा नै चारजना सन्तानहरू जन्मि सकेका थिए । युनिभर्सल होममा प्रगति हुँदैथियो अनि त्यसबेला मैले आफ्नो आर्थिक आकांक्षाहरू हासिल गर्दै थिएँ । मसँग केही समयपछि नै एउटा रोल्स रोइस कार, एउटा सुन्दर डुङ्गा, समुद्र किनारमा एउटा घर साथै शहरमा ठूलो बगंलो भयो । म दक्षिण पन्थी क्लबमा सहभागी भएँ र त्यसपछि त्यो एकदमै सफल स्थानिय राजनैतिक सँस्थाको अध्यक्ष भएँ । २० बर्षको अवधिमा त्यसका सबै सदस्यहरू स्थानिय परिषदमा चयन हुने गर्दथे । प्याट र म नियमितरुपमा मण्डली जाने गर्दथ्यौं तर येशूसँग मेरो व्यक्तिगत सम्बन्ध भने थिएन । हामीले विश्वभरि नै यात्रा गरिसकेको र संसारका धेरै भागहरू देखिसकेका थियौं ।

त्यस समयमा न्युजिल्याण्डमा प्रचारक बिली ग्राहम आएका थिए र उनको एउटा सभामा म सहभागी भएको थिएँ । प्रभु येशूमा आफ्नो जीवन अर्पण गर्न चाहने ब्यक्तिहरूलाई उनले सार्वजनिक रुपमा आह्वान गर्दा म चर्च जाने मानिस भएकोले म अगाडि जानु खाँचो छैन भन्ने मलाई लाग्यो । त्यसकारण, भित्री मनमा अगाडि जाउँ-जाउँ भन्ने हुटहुटी लागेपनि उनको आह्वानलाई मैले प्रतिकार गरिरहें ।

छ बर्षपछि फेरि उनी त्यस्तै सभाको निम्ति न्युजिल्यान्ड आएका थिए र त्यसबेला पनि अगाडि जाने उनको आह्वानलाई टेरिन् । मेरो वरिपरि भएका मानिसहरूलाई हेरें अनि मनमनै सोच्न थालें, "म अगाडि गएँ भने उनीहरूले के सोच्लान् ?" अभिमानले मलाई अगाढि बढ्न दिएन । परमेश्वरलाई फेरि पनि लत्याएँ । येशूले मेरो निम्ति क्रूशमा नाङ्गै मर्न शर्म मान्नु भएन तर म भने उहाँलाई सार्वजनिक रुपमा स्वीकार गर्न लजाएँ ।

## अध्याय पाँच
## परिवार

आफ्नो छोराछोरीसँग मेरो त्यति राम्रो सम्बन्ध थिएन । १६ बर्षको उमेरमा एकदिन पावलले मसँग झगडा गर्‍यो र उसले मलाई भूँइमा पछारिने गरेर धकेली दियो । मैले बिचार गरें, "तँलाई ठीक पार्नेछु ।" मैले उसलाई "आउटवार्ड बाउन्ड" नामक कोर्समा भर्ना गरिदिएँ । न्युजील्यान्डको दक्षिणी टापूको थकान गराउने बाहिरीय खेलमा जवान मानिसहरूको मन-तनलाई सुगठित पार्न उत्साह मिलोस् भनेर त्यो कोर्ष तयार पारिएको थियो । यो छ हप्ते कार्यक्रम हो । यो कार्यक्रममा सहभागीहरूले पहाड चढ्नुपर्ने, झाडीबाट भएर साइकल चलाउनुपर्ने साथै जोखिमपूर्ण क्रियाकलापहरू गर्नुपर्ने हुन्छ । यस कार्यक्रमले पावललाई अनुशासित तुल्याउँने छ साथै जीवनमा उत्तरदायी बनाउँने छ भन्ने कुरा मैले सोचेको थिएँ ।

मैले पावललाई उसको फर्कने बेलामा रेल स्टेशनमा भेटें । उसले मलाई अभिवादन गर्न मुख बाउँदाखेरि उ कठोर भएको र ख्याउटे अनि निर्दयी भएको थाहा पाएँ । उसलाई त्यो कोर्षले फाइदा गरेन रहेछ । केही महिनापछि उसले माध्यमिक स्तरको पढाइ सिध्यायो । उसले म वकिल बन्न चाहन्छु भनेर मलाई भन्यो र मैले पनि उसलाई अकल्यान्ड विश्व-विद्यालयमा भर्ना गर भनेर उत्साह दिएँ । उसले म त्यहाँ भर्ना हुन चाहन्न तर ओटागो विश्व-विद्यालयमा भर्ना चाहन्छु भनेर मसँग भन्यो । त्यो विश्व-विद्यालय न्युजिल्यान्डको पल्लोछेउमा अवस्थित छ । तिमी किन त्यस विश्व-विद्यालयमा भर्ना हुन चाहन्छौ भनेर उसलाई मैले सोधें । उसले मलाई यसो भन्यो, *"जतिसक्दो म तपाईबाट टाढा हुन चाहन्छु "* आफ्नो छोरासँग मेरो सम्बन्ध कस्तो रहेछ ! मेरी छोरी जेनी पनि ओटागो विश्व-विद्यालयमा अध्ययन गर्न गइन् । त्यसबेला उनीहरू दुवैजना परमेश्वरबाट साँच्चिकै टाढा भइसकेका थिए । प्याट र मेरो बीचको संचारपनि खस्कँदै गइरहेको थियो । छोराछोरीहरू हुर्किसकेपछि म सगैं बस्दिन भनेर उनलाई भनिदिएँ । तरपनि हामी सम्बन्ध विच्छेद नगरी नै बस्यौं ।

# अध्याय छ
## परिवर्तनको समय

एक साँझ हाम्रो १५ बर्षीय छोरी मारियाले बाहिर जाने बेलामा मलाई भनिन्, *"बाबा, तपाई मसँग जानुपर्छ र आज साँझ हाम्रो चर्चमा बोल्ने मानिसको प्रवचन सुन्नुपर्छ ।"* सँधैजसो म पत्रिका पढ्नमा तल्लिन भएँ । मेरो व्यापारको धेरैजसो सफलता सरकारी नीतिमा निर्भर रहेकोले पत्रिका पढ्नमा धेरैजसो समय बिताउने गर्दथें । मारियाको भनाइमा मेरो प्रतिक्रिया नकारात्मक थियो ।

करिब दुई घण्टापछि मारिया घर फर्किन् । उनी घर फर्कदा पनि म पत्रिका नै पढिरहेको थिएँ । उनी ढोकाबाट पस्दै भनिन् *"बाबा, तपाई त्यहाँ जानु पर्दथ्यो ।"* मैले टाउकोमात्र हल्लाएँ र अँ भनिदिएँ । त्यसपछि उनले भनिन् *"बाबा,उहाँ अरबपति हुनुहुँदोरहेछ ।"* उनले मेरो तुरुन्त सबै ध्यान खिचिन् । पैसा कमाउने मानिसहरूप्रति म सँधै रुचि राख्दथें किनभने मेरो लागी जीवनको मुख्य उद्देश्य भनेको नै पैसा कमाउनु थियो ।

मैले उनलाई सोधें, *"उसले कसरी पैसा कमाएको  रहेछ ?" "टर्की बेचेर"* उनले मेरो प्रश्नको जबाफ दिइन । उनी अमेरिकन थिए । मैले मनमनै सोचें, "दश लाख डलर कमाउन कतिवटा टर्की मैले बेच्नुपर्ला ?"

मारियाले भनिन्, *"बाबा, उहाँले अन्य भाषा बोल्नुभयो ।"* मैले जबाफ दिएँ, *"उ अन्य भाषा बोल्ने टर्की बेच्ने अरबपति होला ।"* म प्रभावित भइनँ । अन्य भाषाचाहिँ शैतानबाटको हो भनेर त्यस समयमा मैले सोच्ने गर्दथें ।

केही दिन पछि मेरा एकजना रसायनशास्त्री साथीले तपाईको निम्ति हाम्रो चर्चले प्रार्थना गरिरहेको छ भनेर मलाई भने । फेरी सेभेन्थ डे एडभान्टिस्टका एक जना मेरो ग्राहक मकहाँ आएर तपाईको निम्ति हाम्रो चर्चले प्रार्थना गरिरहेको छ भनेर मलाई भने । तर त्यो कुरा मलाई परेन् । मलाई उनीहरूको प्रार्थनाको मतलब थिएन किनभने मैले जे गर्दैछु ठीकै गर्दैछु भनेर मैले बिचार गरेको थिएँ ।

तर अन्तरआत्मामा भने म जीवनसँग दिक्दारी भइरहेको महसुस गरिरहेको थिएँ । कुनै न कुनै तरिकाले म दिक्क भएको थिएँ । प्याट र मेरो बीचको फाटो पनि बढ्दै गइरहेको थियो । हामी बिचको संचार अझ बिग्रंदै गइरहेको थियो ।

# अध्याय सात
## परमेश्वरको प्रेम

केही समयपछि स्थानिय एङ्लिकन चर्चले मलाई सहभागी हुन निम्तो दिएको थियो । त्यो निमन्त्रणा अस्वीकार गर्न गाह्रो भयो किनभने म स्थानीय मण्डलीका प्रतिनिधिहरू समुहको अध्यक्ष थिएँ । वक्ताचाहिँ विदेशबाट ल्याउने भनेर तोकिएको थियो । मैले जाने निर्णय गरें ।

के के आइपर्छ त्यसको निम्ति म तयारी थिइन । प्रार्थना र भजनद्धारा सभाको उदघाटन गरियो । त्यसपछि, प्रचारकले बिरामीको निम्ति प्रार्थना गर्न शुरु गरेको कुरामा मलाई अचम्म लाग्यो । त्यस समयसम्म हाम्रो भिकारले बिरामी मानिसहरूको निम्ति सामान्यरुपमा प्रार्थना गरेको मात्र मैले सुनेंको थिए ।

प्रचारकले प्रार्थनाको खाँचो परेका कतिपय मानिसहरूको अवस्थाको बारेमा सभामा बर्णन गर्न थाले अनि उनीहरूलाई अगाडि आउन भनेर आह्वान गरे । प्रचारकको आह्वानलाई मानेर एकजना बाथरोगी महिला अगाडि  आइन् । उनी अगाडि आउँदा मैले उनलाई चिने। उनी हिँड्डुल गर्न नसक्ने बाथरोगी भएको मलाई पनि थाहा थियो । प्रचारकले अधिकार सहितको आवाजमा यस महिलालाई छोडेर गइहाल् भनेर बाथरोगको आत्मालाई आज्ञा गरें र उनले ती महिलामाथि हात राखेर उनको चङ्गाइको निम्ति परमेश्वरसँग प्रार्थना गरे । मैले कहिले पनि बाथरोगको आत्माको बारेमा सुनेको थिइन । प्रार्थना गरेको निमेषमै ती महिलाले आफ्नो हात उठाइन् र "म निको भएँ" भनेर  चिच्याउँदै चर्चमा दौडन थालिन् । उनी पूर्णरुपमा परिवर्तन भइन् र उनले निको भएको सबै प्रमाण प्रस्तुत गरिन् । परमेश्वरले कुनै पनि ब्यक्तिलाई यसरी निको पार्नु भएको मैले कहिले देखेको थिइन ।

त्यसपछि प्रचारकले अन्य मानिसहरूको निम्ति पनि चङ्गाइको प्रार्थना गरे अनि त्यसपछि अधिकांश मानिसहरूले बृहतरुपमा शारिरीक परिवर्तन भएको अनुभव गरेको देखिन्थ्यो । त्यसपछि उनले प्रचार गर्न थाले तर उनले बोलेको कुरामा मैले त्यति ध्यान दिइन । यद्यपि, प्रचारक अत्यन्त खुसी र आनन्दित भएको देखिन्थे जुन कुरा म बुझ्न सक्दिन थिएँ ।

कट्टर विश्वासी हुनु भनेको म सानो हुँदा ब्राद्रेन चर्चमा देखेको विश्वासीहरू जस्तै हुनु होला भनेर मैले सोचेको थिएँ । ब्राद्रेन चर्चको चालचलन अति गंभिर हुने गर्दथ्यो र त्यहाँ आनन्द भन्ने कुरा पटक्कै हुँदैन थियो । प्रचारकले गल्फ र टेनिस खेल्ने गर्छु भनेपछि मैले उनको कुरा सुन्न थालें ।

बचनको अन्ततिर उनले प्रभु येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गर्न चाहने मानिसहरूलाई अगाडि आउन भनेर आह्वान गरे । म अकल्यान्ड एङ्लिकन डायोसिसको भण्डारे  परिषदको अध्यक्ष भएको हुँदा मैले प्रचारकको आह्वान मान्नुपर्छ भन्ने मलाई लागेन् । मैले महत्वपूर्ण धेरै चर्च समितिमा रहेर काम गरेको थिएँ, मेरो बिशपको म सल्लाहकार थिएँ साथै मण्डलीका अन्य गतिबिधिहरूमा पनि सहभागी भइसकेको थिएँ ।

यद्यपि, मलाई येशूको नाम लिन लाज लाग्दथ्यों । कहिलेकाहिँ मानिसहरूले मलाई विश्वासी हो भनेर भन्दाखेरि म भित्रभित्रै खुम्चिने गर्दथें ।

सभा सकिएपछि म बिरामीहरूको निम्ति प्रार्थना गर्नेछु भनेर प्रचारकले भने । पानी र हिउँमा चिप्लेटी खेलेकोले गर्दा प्याट र म दुवैजनाको घुँडाको समस्या थियो ।

बाथ रोगी महिलाको प्रार्थनापछि चङ्गाइ भएको देखेको कारण हामी प्रार्थना गरिमागूँ भनेर प्याटलाई भन्नको निम्ति मैले हिम्मत कसें । उनी मेरो भनाइमा सहमत भइन् । अभिमानको कारणले मानिसहरू भएको बेलामा मलाई  प्रार्थना गरिमाग्न मन लागेन । त्यसकारण, प्रचारकले सबैजनाको निम्ति प्रार्थना गरिसकून् भनेर कुरिरहयौं । बिहानको २ बजिसकेको थियो । मञ्चमा उपस्थित ब्यक्तिहरू भनेको प्रचारक, भिकार, प्याट र म मात्र थियौं ।

प्रचारकले मलाई सोधे, *"भाइ, तपाईंको निम्ति म के गर्न सक्छु ?"* मलाई **"भाइ"** भनेर सम्बोधन गरेको मलाई मन परेन किनभने हाम्रो चर्चमा यस्तो शब्द चलाइन्दैन थियो ।

मैले उनलाई घुँडाको समस्याको बारेमा लामो वर्णन गरें । उनले मेरो कुरा धैर्यपूर्वक सुनिरहे अनि भने, *"भाइ, यदि तपाईंले घुँडामा धेरै समय बिताउनुभएको भए, तपाईंको समस्या कम हुने थियो ।"* उनको भनाइ मेरो मस्तिष्कमा घुस्नु एक दुई निमेष पनि लागेन । मैले धेरै समय प्रार्थनामा बिताउनुपर्छ भनेर उनले भन्न खोजेका थिए भनेर मैले बुझिहालें ।

न्युजिल्यान्डमा बेलायतबाट आएका मानिसलाई सम्बोधन गर्ने चलनचल्तीको भनाइ भनेको "बेलाइते" शब्द हो । मैले मनमनै भनें, "तँ असभ्य बेलाइते त होस् ।" जे भएता पनि मैले उनलाई प्रार्थना गर्न लाएँ । त्यसपछि उनले प्याटलाई प्रार्थना गरिदिए । त्यसको भोलिपल्ट हामी दुवैजना निको भएको पायौं ।

त्यसैकारण उनको प्रचार फेरि सुन्न मलाई मन परेन । उनी अर्को मंगलबार रात हेमिल्टन शहरमा बोल्दैछन् भन्ने थाहा पाएँ । हेमिल्टन शहर अकल्यान्डबाट करिब १२० किलो मिटर टाढा पर्दथ्यो ।

# अध्याय आठ
# म अल्झिए

मंगलबारको साँझ मैले खाना अलिक छिटो खाएँ अनि कार पार्कमा कार भएकोतिर गएँ । त्यस बेला प्याट पनि आफ्नो कारतिर जाँदै थिइन् । हाम्रो बिचको संचार लगभग शुन्य भइसकेको थियो तर उनले मलाई सोधिन्, *"तपाईं कहाँ जाँदैहुनुहुन्छ ?" मैले भनें, "हेमिल्टन"* । उनले भनिन् *" म पनि त त्यतै जाँदैछु ।"* त्यसो भनेपछि उनी मेरो कारमा चढिन् र हामी सँगसँगै हेमिल्टन तिर लाग्यौं ।

सयौं मानिसहरूको उपस्थितिमा ठूलो हलभित्र सभा सम्पन्न भइरहेको थियो । फेरि प्रचारकले मानिसहरूको कुनै न कुनै प्रकारको शारीरिक अवस्थाको बारेमा बर्णन गर्दै थिए र मानिसहरू निश्चित रुपमा अगाडि आइरहेका थिए । त्यहाँ गजबको चँगाइ भइरहेको थियो र मैले परमेश्वरको शक्ति देखिरहेको कुरा नकार्न सकिन । प्रचारकले बचन बोले अनि येशू प्रभुलाई आफ्नो जीवन अर्पण गर्न चाहने मानिसहरूलाई अगाडि आउन आहवान गरे । म अगाडि जाँदिन भनेर मैले फेरि निश्चय गरें । म चर्च जाने विश्वासी थिएँ र मैले चर्चको महत्वपूर्ण कामहरू सम्हाली सकेको थिएँ । प्रचारकले गरेको आहवान मेरो निम्ति होइन भन्ने मैले सोचें । घर फर्कदैं गर्दा अर्को सभामा जाउँ-जाउँ लाग्यो । मलाई जाउँ-जाउँ लागेको सभा भोलिपल्ट त्यसै हलमा सम्पन्न हुन गइरहेको थियो । मैले सतर्क भएर प्याटलाई सोधें, *"तिमी भोलिको सभामा आउन तयार छौ ?"* उनले *"छु"* भनेर फ्याट्ट उत्तर दिइन् । विद्यालय विदा भएको कारण हाम्रा चार जना छोराछोरीहरू घरमै थिए । भोलिपल्ट हामी छ जना प्रचार सभामा सहभागी भयौं । फेरि पनि प्रचारकले मानिसहरूको चङ्गाइको निम्ति परमेश्वरमा पुकारा गरे र त्यहाँ अचम्मलाग्दो केही चङ्गाइका आश्चर्यकर्महरू भए ।प्रभु येशूमा आफ्नो जीवन अर्पण गर्नको निम्ति मानिसहरूलाई उत्साह दिँदै प्रवचन दिए । बचनको समापन गर्ने समयमा आफ्नो जीवन प्रभु येशूमा अर्पण गर्न चाहने ब्यक्तिहरूले आफ्नो हात उठाउनु होस् भनेर उनीहरूलाई अनुरोध गरे । उनले मानिसहरूलाई हात उठाउन होस् भन्दै निमन्त्रणा गर्दा निकै लामो समय लाग्यो । वास्तवमा समय निकै लामो लागेकोले मलाई उकुसमुकुस हुन थालिसकेको थियो र प्रचारकले निमन्त्रणा गर्न रोकेपनि हुन्थ्यो जस्तो मलाई भइरहेको थियो । उनले मसँग मिल्दोजुल्दो ब्यक्तिको बारेमा चर्चा गर्न लाग्दैथिए ।

ख्रीष्टमा समर्पण गर्ने उत्कट चाहना मभित्र बढिरहेको मैले आभास गरें । केही बर्ष पहिले प्रचारक बिली ग्राहमको सभामा पनि मलाई त्यस्तै हुटहुटी भएको थियो । हुटहुटी मभित्र झनझन तिब्र हुँदै गइरहेको थियो । म सभाबाट निस्किआउन चाहन्थे तर एकपट्टि मेरा परिवार थिए भने अर्कोतिर भित्ता थियो । त्यस्तो चाहना ममित्र बढ्दै गरेको मैले अनुभूति गरेको समयमा म धेरै समयसम्म चुप लागेर रहन सक्तिन भन्ने मलाई थाहा भयो । मेरो जीवनमा शुन्यताको बोध भइरहेको थियो । यो कुरा मलाई थाहा थियो । प्रचारकले फेरि पनि भने धेरै पटक भनिरहे, *"सबैले शिर निहुराउनुहोस् अनि आँखा बन्द गर्नुहोस् । यदि कसैले प्रभु येशूमा जीवन अर्पण गर्न चाहनुहुन्छ भने कृपया हात खडा गर्नुहोस् ।"*

म चुप लागेर बसिरहन सकिन । परमेश्वरमा जीवन अर्पण गर्ने ईच्छा एकदमै बढेर गयो । यदि मैले केही पनि गरिन भने म करिब बिस्फोट हुने अवस्थामा पुगिसकेको छु भन्ने मलाई अनुभूति भयो । अरुले आँखा चिम्लेको छ कि छैन साथै शिर निहुराएको छ कि छैन भनेर थाहा गर्न यताउता पल्याकपुलुक हेरें अनि कसैले पनि नदेखून् भनेर छिटोछिटो हात माथि उठाउने र तल झार्ने गरें । तर परमेश्वरले मलाई देख्नुभएको थियो ! प्याट र हाम्रा परिवारका सबै सदस्यहरूले आफ्नो हात खडा गरिरहेको मैले देखें ।

प्रचारकले हात उठाउनुहुने सबै जना अगाडि आउनुहोस् भनेर अनुरोध गरे । मैले त्यसबेला कसले के भन्ला भन्ने कुराको मतलब राखिन । खेल समाप्त भयो । मैले सबै मानिसहरूको सामुन्ने खडा भएर येशू प्रभुलाई मेरो प्रभु र मुक्तिदाता भनेर स्वीकार गर्नु थियो ।

बाइबलले भन्दछ यदि हामीले मुखले येशूलाई स्वीकार गरेर हृदयबाट विश्वास गऱ्यौं भने हाम्रो उद्धार हुनेछ । त्यस रात मैले त्यसै गरें । त्यसपछि मेरो जीवनमा केही कुरा हुन गइरहेको थियो । प्रचारकले हामीलाई प्रार्थनामा अगुवाइ गरिसकेपछि पवित्र आत्माको बप्तिष्मा हुन र अन्य भाषाको दान पाउन चाहनेहरूलाई सभाको छेउपट्टि गएर प्रार्थनाको लागि तयार हुनु भनेर अनुरोध गरे । यो कुरा मेरो निम्ति थिएन । अन्य भाषाको दान भनेको अहिलेको समयको लागि पनि हो भनेर म विश्वास गर्दिन थिएँ । अन्य भाषाको वरदान पाउन जाने मानिसहरूको म आलोचना गर्दथें । त्यसबेला मारियाले मतिर फर्केर भनिन्, *"बाबा, तपाईंलाई यो वरदानको खाँचो छ ।"* मारियाले आफ्नो ओछ्यानमा घूँडा टेकेर प्रभु येशूलाई प्रभु र मुक्तिदाता भनेर विश्वास गरेको मलाई थाहा थिएन । मारियाले पनि अन्यभाषा बोलिन् । म मारियालाई अगाध माया गर्दथें । मैले उनको कुरालाई इन्कार गर्न सक्दिन थिएँ । उनले मलाई अन्य भाषाको दान पाउनुपर्छ भनेर उत्साह दिएको हुनाले म पनि अरू मानिसहरूसँगै एक छेउमा लागें । प्याट र हाम्रा सबै परिवार पनि त्यतैतिर लागे । त्यहाँ रहेका लगभग ४० जनाजति मानिसहरूमध्येमा अधिकांश महिलाहरू नै थिए । प्रचारकले जसै उनीहरूको निम्ति प्रार्थना गर्न लागे, त्यतिबेला कतिपय मानिसहरूले अचम्मको आवाजहरू निकाल्न थाले र लोटे भने कतिपयहरू भने रुन थाले । म त्यहाँबाट भाग्न चाहन्थे तर मारियाले भने मलाई हेरिरहेकी थिइन् । अर्को कुरा प्रचारकले यसो भन्दै ममाथि हात राखेर प्रार्थना गरे, *"भाइ, मुख खोलेर जोरले बोल्नुहोस् ।"* जब मैले उनले भनेझैं गरें, मेरो मुखबाट अचम्मको भाषा फट्पटायो । म अवाक भएँ । प्रचारक ठूलो स्वरमा "हल्लेलूयाह" भन्दै चिच्याउँदै जोडसँग उफ्रे । न्यूजिल्यान्डको सबैभन्दा जब्बरे ब्यक्तिलाई परमेश्वरले तोड्नु भयो भनेर प्रचारकले सोचेको हुनुपर्छ ।

# अध्याय नौ
# नयाँ जन्म पाएँ

त्यो रात घरतिर फर्कन्दैं गर्दा म अलमल भइरहें । तर भोलिपल्ट ओछ्यानमा बसेर झ्यालबाट बाहिर हेर्दा मैले जे देख्दै थिएँ, त्यसमा मलाई विश्वासै लागिरहेको थिएन । मैले त्यति हरियो घाँस, त्यति सुन्दर रुखहरू कहिले देखेको थिइन न त चराहरूले त्यति सुन्दर रीतिले गाएको कहिले सुनेको थिएँ ।

म आफ्नो कार्यलयतिर कारमा जाँदै गर्दा मैले नीलो आकाशमा जब नजर लाएँ, मैले धरतीलाई नयाँ आँखाले हेरिरहेछु भन्ने मलाई महसुस भयो । परमेश्वरले मेरो आत्मालाई कैदबाट छुटाएर ल्याउनुभएको रहेछ भन्ने मलाई अनुभूति भयो । मेरो कार परमेश्वरको उपस्थितिले भरिएको थियो ।

अन्य मानिसहरूलाई मेरो अनुभव बताउनको निम्ति कतिपनि अलमल गर्न चाहिन । म कार्यलयतिर लाग्दै गर्दा कसलाई मेरो अनुभव बताउँ भनेर वरिपरि नजर लाएँ । त्यहाँ एकजना वकिल थिए, उनीसँग मैले धेरैवटा चर्च समितिमा रहेर काम गरेको थिएँ । अन्य मानिसहरू हामी भएको ठाउँबाट गएपछि हामी मात्र हुनेछौं भन्ने मैले आशा गरेको थिएँ ।

अन्ततः बाटोमा हामी दुईजना मात्र बाँकी रहयौं । त्यसपछि मैले यसो भनें, *"रन, म तपाईलाई एउटा कुरा बताउनु चाहन्छु । त्यो के हो भने म नयाँ गरी जन्मेको छु अनि अन्य भाषा पनि बोल्छु ।"* अचम्म मान्दै उसले मतिर हेऱ्यो । जब उ आफ्नो तलामा पुग्यो, केही नबोलिकन मलाई हेरेर मात्र बाहिर निस्क्यो ।

स्पष्ट रुपमा भन्नुपर्दा, अन्य मानिसहरूलाई आफ्नो अनुभव बताउने प्रयत्नमा म त्यति तयारी थिइन । तर पनि मैले दुईजना मेरा मुख्य कानूनी साथीहरूलाई आफ्नो अनुभव बताउने निर्णय गरें । उनीहरूलाई मेरो कार्यलय कक्षमा डाकें अनि मैले नयाँ जन्म र अन्य भाषा कसरी पाएँ भनेर उनीहरूलाई बताएँ ।

उनीहरूले एकआपसमा मुखामुख गरे, केही पनि नबोलीकन उनीहरू अर्को कक्षतिर लागेर कुराकानी गरे । उनीहरूले फलानालई केही गंभिर प्रकारको गडबडी भएको हुनुपर्छ भनेर बिचार गरे ।

बल्ल मैले येशू जीवनमा हुनुको वास्तविकता थाहा पाएँ । म उहाँलाई प्रार्थना गर्न सक्छु र उहाँले मेरो प्रार्थना सुन्नुहुन्छ भन्ने मलाई थाहा थियो । जीवनमा पहिलो पटक मैले निर्धक्क भएर परमेश्वरसँग प्रार्थना गर्न सकें । उहाँ वास्तविक हुनुहुन्छ भन्ने मलाई भयो ।

कार्यलयको ढोका बन्द गरें अनि घूँडा टेकेर परमेश्वरलाई भने, "तपाईले मलाई जे गर्नुभयो, त्यस्तै मेरा वकिल मित्रहरूसँग पनि गर्नुहोस् र त्यो काम क्याथोलिक ब्यक्तिबाट शुरु गर्नुहोस् किनभने उ सबैभन्दा सजिलो ब्यक्ति हुनेछ ।" मेरा कानूनी मित्र टेरी वे अति खुल्ला स्वभावको ब्यक्ति हुन् भन्ने कुरा मलाई थाहा भएकोले उसले त कुरा सुन्छ होला भन्ने सोचेको थिएँ ।

लगभग एक हप्तापछि उ मेरो कार्यालय कक्षमा आए र उनलाई क्याथोलिक क्यारिस्मेटिक प्रार्थना सभामा बोलाइएको कुरा बताए । मैले उसलाई जानु नि भनेर अनुरोध गरें । छ हप्तापछि उनी मेरो कार्यालय कक्षमा एक विहान आएर म त नयाँ गरी जन्मेको छु साथै अन्य भाषा पनि बोल्छु भनेर मलाई बताए । तब हामी दुईजना भयौं । यदि कोही दुईजना एकै मनको भएर पृथ्वीमा प्रार्थना गर्दछ भने त्यो कुरा स्वर्गमा भइसक्ने छ भन्ने कुरा मैले बाइबलमा पढेको थिएँ ।

हामीले मिलेर हाम्रा अग्रज कानूनी मित्र मोरिस टेट्ली जोन्सको निम्ति प्रार्थना गर्न शुरु गऱ्यौं ।

मैले युनिभर्सल होममा प्रार्थना सङ्गतिको शुरुवात गरें, त्यहाँ धेरैजसो सहकर्मी साथीहरू आउने गर्दथे । हामीचाहिँ इसाईहरू हौं भनेर घर किन्ने मानिसहरूलाई सफासँग बताउने गर्दथ्यौं । त्यसको अर्थ हामीहरूले इमान्दारिताको उच्च मापदण्ड राख्नुपर्छ भन्ने थियो ।

पछिल्ला १० बर्षमा कम्पनी गजबले फस्टाउँदै गयो ।

# अध्याय दश
# परिवर्तन भएको परिवार

मैले प्रभु येशूलाई आफ्नो जीवन अर्पण गरेपछि घटेको सबैभन्दा महत्वपूर्ण घट्ना भनेको हाम्रो वैवाहिक जीवन पूर्णरुपमा नयाँ भयो । एकआपसमा भरोसा बढेर गयो र बाँकी ३५ बर्षमा हामीले कहिलेपनि गंभिर झगडा गरेनौं । प्याटको निम्ति म परमेश्वरलाई धन्यबाद दिने गर्दथें र अन्य कुनै मानिसले उनलाई नपाएकोमा म कृतज्ञ थिएँ ।

हाम्रा छोराछोरीहरू पनि सुध्रिन्दै गए । पावल कति छिटो परिवर्तन भएर उनी परमेश्वरको खाँटी मानिस बनेका थिए । तब परमेश्वरले प्रोमिश किपर सँस्थालाई न्युजिल्याण्डमा डोऱ्याउनु भयो र त्यस सँस्थाले मानिसहरूलाई परमेश्वरको मानिस हुन उत्साह दिने गर्दछ । गत ११ बर्षको समयमा ५०,००० पुरुषहरू प्रोमिश किपर सम्मेलनमा सहभागी भइसकेका थिए र त्यसको परिणामस्वरुप हजारौं परिवारहरू पुर्नस्थापित भए ।

हाम्रो छोरा जोन प्रोमिश किपरको डाइरेक्टर हुन् । उ परमेश्वरमा धेरै अगाडि बढेको मानिस हो ।

हाम्रा सबै छोराछोरीहरू परमेश्वरमा भरोसा गर्ने मानिस भएका छन् र उनीहरूको वैवाहिक जीवन राम्रो छ । हाम्रा १६ जना नातिनातिनीहरू छन् । उनीहरू येशूलाई प्रभु र मुक्तिदाता भनेर चिन्न सक्ने पाका भईसकेका छन् । हरेक महिनामा हामी सपरिवार मिलेर खाना खाने गर्दछौं र त्यस समयमा सबैजना भेला हुन्छन् । सँधैजसो हामी २६ जना भेला हुने गर्दछौं ।

हाम्रो परिवारमा येशू प्रभु मुक्तिदाता र उद्धारकर्ता नहुनुभएको भए माथि उल्लेखित कुनै पनि कुरा हाम्रो जीवनमा हुँदैन थियो ।

# अध्याय एघार
# येशूको साक्षी

येशूमा हाम्रो नयाँ जन्म भएको एक हप्ताभित्र प्याट र मैले घरमा प्रार्थना सङ्गति शुरु गर्ने निर्णय गऱ्यौं । शुरुको प्रार्थना सङ्गतिमा पाँच जना मानिसहरू सहभागी भएका थिए । त्यसपछि सहभागी सँख्या तिब्ररुपमा बढ्दै गयो । हामी सबै मिलेर प्रार्थना गरेको हुनाले परमेश्वरको शक्ति एकदमै साक्षात हुँदै गयो । हामीले आठ बर्षसम्म प्रत्येक हप्ता प्रार्थना सङ्गति गरिरहयौं ।

हाम्रो ठूलो घर छ । हामीले २०० कुर्सीहरू राखेका ल्याएर राख्यौं र प्रत्येक व्यक्तिले के के हुँदैछ भन्ने कुरा देख्न सकून् भनेर एउटा टेलिभिजन पनि जडान गऱ्यौ । हामीले पवित्र आत्माको वरदानको विषयमा निम्न कुराहरू सिक्न थाल्यौं, जस्तैः भूत धपाउने, आत्मा छुट्याउने, विश्वास, चङ्गाइ, आश्चर्यकर्म, अगमवाणी, अन्य भाषासम्बन्धी सार्वजनिक प्रवचन साथै अन्य भाषाको अनुवाद, बुद्धि तथा ज्ञानको शब्दहरू । हामीले पवित्र आत्माको अभिषेक सम्बन्धी सिक्यौं ।

मानिसहरू प्रभुमा बाँच्न र निको हुन थालेकोले प्रार्थना सभा प्रख्यात हुँदै गयो । हामीले चङ्गाइ सम्बन्धी ठूल–ठूला आश्चर्यकर्महरू देख्न पायौं । आठ बर्षको अवधिमा दशौं हजार मानिसहरू प्रार्थना सभामा सहभागी भए र हजारौं मानिसहरूले प्रभु येशूलाई आफ्नो प्रभु र मुक्तिदाता भनी चिन्ने मौका पाए । प्याट र म मिलेर सुसमाचार प्रचारकको रुपमा सभाहरूको आयोजना गर्न थाल्यौं । संसारको बिभिन्न देशहरूमा गएर हामीले सयौं सभाहरूमा बचन बोलेका छौं साथै हजारौं मानिसहरू प्रभुमा आएको देखेका छौं । हाम्रो घरमा आएका आगन्तुकहरूले यस घरमा एक प्रकारको शान्ति छ भनेर चर्चा गर्दथे । परमेश्वरको उपस्थितिले शान्ति भएको हो भन्ने कुरा हामीलाई थाहा थियो ।

हामीले पवित्र आत्माको शक्ति र अभिषेकमा पूर्ण एकतामा मिलेर काम गर्ने गर्दथ्यौं ।

हाम्रा अर्का मुख्य कानुनी मित्र मोरिश टेट्ली जोन्स प्रार्थना सभामा उपस्थित भएका थिए । केही समयपछि उनले पनि घूँडा टेकेर प्रभु येशूलाई आफ्ना व्यक्तिगत मुक्तिदाता भनेर स्वीकार गरे । हामीसँग बल्ल इसाई कानूनी अभ्यास भयो । तनावपूर्ण वैवाहिक समस्या भएका अधिकांश मानिसहरू परामर्शको निम्ति हामीकहाँ आउने गर्दथे, हामीले धेरैको वैवाहिक जीवन वर्वाद हुनबाट जोगाइदियौं ।

मैले सन १९७१ मार्च १० मा प्रभु येशूलाई पछ्याउने निर्णय गर्दाखेरि मैले सम्पुर्ण रुपमा अन्धकारदेखि उज्यालोमा, शैतानको शक्तिदेखि परमेश्वरको शक्तिमा फर्कने निर्णय गरेको थिएँ । धेरै जना मानिसहरू पापबाट पूर्ण रुपमा फर्कन नसकेको कुरा मैले पत्ता लाएको छु । पापको परिणामले उनीहरूको जीवनमा अझ पनि धेरै संघर्षहरू छँदैछ । हामीले पापबाट पूर्णरुपले फर्कने निर्णय गर्दछौं भने हाम्रो जीवनमा पापको शक्ति हराएर जान्छ । पवित्र आत्माको शक्तिद्वारा हामी परमेश्वरलाई मनपर्दो जीवन जिँउन सक्षम हुनेछौं । हामीले परमेश्वरलाई मनपर्दो जीवन जिउछौं भने परमेश्वरको शान्ति हाम्रो जीवनमा भरपूर हुनेछ । पापको ज्याला मृत्यु हो भने परमेश्वरको वरदानचाहिँ हाम्रो प्रभु येशूमा अनन्त जीवन हो भनेर बाइबलले बताउँदछ ।

# अध्याय बाह्र
# परमेश्वरको आश्चर्यकर्म

बिगत ३५ बर्षको समयदेखि मेरो दैनिक जीवनमा परमेश्वरको उपस्थिति थाहा गरेको छु । प्रार्थनाको प्रतिफल स्वरुप मैले प्रायः गरेर परमेश्वरको महान आश्चर्यकर्म देखेको छु ।

एक्काईस बर्षअघि मैले आफ्नो सबै कम्पनीहरू बेच्ने निर्णय गरेको बेला परमेश्वरले राम्रो दाममा कम्पनी खरीद गर्ने मानिस जुटाइ दिनुभयो । त्यही दामले गर्दा नै मानिसहरूबाट एक पैसा पनि नमागीकन हाम्रो सेवाकाइलाई निरन्तरता दिन हामीलाई सक्षम तुल्यायो । हामीलाई निमन्त्रणा दिने मानिसहरूले हाम्रो आफ्नो यात्रा र अन्य खर्चहरू ब्यहोर्न नसक्दा पनि बिभिन्न देश तथा शहरहरूमा यात्रा गर्दै सेवाकाइ गर्नको निम्ति हामी सक्षम भएका छौं । सन १९८७ मा विश्वव्यापी शेयर बजार खस्कनु १० दिनअघि न्युजिल्यान्डको उत्तरी अकल्यान्डको सानो समुदायमा बोल्नको निम्ति बचन तयार पारिरहेको बेलामा परमेश्वरले मसँग स्पष्टरुपमा बोल्नुभयो । बचन यूहन्नाको सुसमाचार १० बाट तयार गरेको थिएँ, जहाँ *"मेरा भेडाहरूले मेरो स्वर सुन्छन्"* भनेर येशूले भन्नुभएको छ । तेरा सबै शेयरहरू शेयर बजारमा बेच्नु भनेर परमेश्वरको स्पष्ट आवाज मकहाँ आयो । यदि मैले त्यो आवाज नसुनेको भए मैले लगभग धेरै कुरा गुमाउने रहेछु ।

मेरो बुबा ७७ बर्षको हुनुहुँदा उहाँलाई ठूलो बिमार लाग्यो । डाक्टरहरूले उहाँलाई आशा मारेका थिए । उहाँ बेहोश हुने गर्नुहुन्थ्यो । उहाँको कलेजो र मृगौला काम नलाग्ने भइसकेका थिए । म मनमनै सोंच्ने गर्दथें, "मेरो बुबा धेरै लामो बाँचिसक्नु भएको छ र सायद यो उहाँको परमेश्वरकहाँ जाने समय होला ।" केही दिनपछि परमेश्वरले मसँग बोल्दैगर्नु भएको र मेरो बुबा प्रभुमा बाँच्नु भएको छैन भन्ने परमेश्वरबाट मैले स्पष्ट आभास पाएँ । मेरो बुबा धेरै बर्षदेखि परमेश्वरबाट टाढा हुनुभएको थियो । परमेश्वरको झक्झकाइले गर्दा मैले उहाँको निम्ति हरेक बिहान आठ हप्तासम्म प्रार्थना गर्दैरहें अनि उहाँलाई अस्पतालमा भेट्न गइरहें । तपाईको बुबा बाँच्नु हुन्न भनेर मलाई डाक्टरहरूले घरिघरि भनिरहन्थे एक बिहान आठ हप्तापछि म अस्पतालको कोरिडर भएर जाँदैथिएँ परमेश्वरले तेरो बुबालाई मैले निको पारेको छु भनेर स्पष्ट आवाजमा मसँग बोल्नुभयो । मैले तेरो बाबुलाई अरु सात बर्षको आयु थपिदिएको छु भनेर पनि परमेश्वरले भन्नुभयो ।

उहाँ बस्नुभएको कोठामा पुग्ने बेलामा डाक्टरले आफ्नो कार्यकक्षबाट निस्केर मलाई भने, *"आएर बाबुलाई हेर्नुहोस् ।"* जब म बुबाको कोठाभित्र पसें, बेहोश भएर नाकमा अक्सिजन लाइरहनुको साटो उहाँ ओछ्यानको छेउमा पूर्ण होशमा बसिरहनुभएको थियो । उहाँ जुरुक्क उठेर सञ्चो मानिसले झैं भन्नुभयो, *"बिल, तिमीलाई कस्तो छ ? "*

मैले डाक्टरलाई मेरो बुबा कसरी निको हुनुभयो भनेर सोधें । उहाँ बिल्नुभएछ भनेर हामीले उहाँको शरीरबाट सबै ट्यूब तानेर निकाल्यौं तर उहाँ त तुरुन्तै बौरिनु भयो भनेर डाक्टरले भने । त्यस बेला मैले अकल्यान्ड टेलिफोन बुकबाट मेरो नाम हटाईसकेको थिएँ । कारण एउटै थियो–धेरै मानिसहरूले मलाई प्रार्थना गरिदिनु भनेर फोन गर्दथे र म त्यसो गर्न सक्दिन थिएँ । मेरो बुबा त्यही जिल्लामा बस्नहुन्थ्यो र उहाँको पारिवारिक परिचय र थर मेरोजस्तै भएकोले उहाँलाई मानिसहरूले फोन सम्पर्क गर्न थाले ।

मेरो बुवाले मानिसहरूको निम्ति प्रार्थना गर्न थाल्नुभएको र उहाँले आफ्नो जीवन प्रभुमा अर्पण गर्नु भएको कुरा मैले पछि थाहा गरें । त्यसपछि म उहाँकहाँ बेलाबखत गएर उहाँको निम्ति ब्यक्तिगतरुपमा प्रार्थना गरिदिन्थें । उहाँले निरन्तर स्वस्थ जीवन जिउनुभयो । सात बर्षपछि उहाँ निको हुनुभएकै बारमा उहाँ स्वस्थ्य परिक्षणको निम्ति अस्पतालमा जानुभएको थियो । बुवालाई भेट्न भनेर म सोमबार दिउँसो उहाँकहाँ गएको अझ पनि मसँग ताजा सम्झना छ । खुट्टा झारेर ओछ्यानको छेउमा उहाँ बसिरहनुभएको थियो । तर भोलिपल्ट बिहान तीन बजेतिर अस्पतालबाट मलाई फोन आयो । मेरो बुबा आफ्नो ओछ्यानमा उठेर बस्नु भएपछि सानो आवाज निकालेर बित्नु भएछ । परमेश्वरले जे भन्नुभएको थियो, सो कुरा उहाँले पूरा गर्नुभयो ।

सन १९८६ मा इथोपियाको दुर्गम क्षेत्रमा अनिकाल पिडित मानिसहरूको बीचमा वर्ल्ड भिजनको काम निरीक्षण गर्न भनेर म त्यस सँस्थाको प्रतिनिधिसँग गएको थिएँ । हामी पहिलो रात राजधानी एडिस अबाबामा बास बसेका थियौं । त्यसबेला इथोपिया बाह्य जगतसँग सम्पर्क नभएको कम्यूनिष्ट देश थियो ।

प्याटले हाम्रो छोरो जोन आज रात पनि काट्दैन होला किनभने पेटमा डरलाग्दो घाउ भएकोले अस्पतालमा भर्ना भएको छ भनेर मलाई फोनमा भनिन् । म घूँडामा बसेर त्यस बिषयमा प्रार्थना गरें । परमेश्वरले मलाई त्यस रातमा व्यवस्थाको ३३ : २६–२७ दिनुभयो ।

*"यशूरुनका परमेश्वरजस्तो अरु कोही छैन, जो तिमीहरूको सहायताको लागि आकाशमाथि सवारी हुन्छ, र आफ्नो प्रतापमा बादलमाथि । अनन्तका परमेश्वर तिमीहरूको वासस्थान हुनुहुन्छ, र मुनितिरचाहिँ सनातनका पाखुराहरू छन् । त्यसलाई नाश गर भन्दै उहाँले तिमीहरूका शत्रुहरूलाई*
*धपाउनुहुनेछ ।"*

जोन त्यो रात बाँच्यो र भोलिपल्ट बिहान उ पूर्णरुपमा चङ्गाइ भयो । म घर आइपुग्दा प्याटले मैले जोनको निम्ति प्रार्थना गरें भनेर मलाई बताइन् । जोनको निम्ति मलाई परमेश्वरले धर्मशास्त्र दिनुभयो भनेर उनले मलाई भनिन् । मैले पाएकै धर्मशास्त्र उनले पनि पाएकी रहिछन् ।

म पृथ्वीको अर्कै छेउमा भए तापनि परमेश्वरले बाइबल धर्मशास्त्रका हजारौं खण्डहरूमध्येबाट प्याट र मलाई उही पद दिनुभयो ।

बीस बर्षअघि मलाई सिङ्गापुरको एङ्लिकन चर्चमा बोल्न निमन्त्रणा दिइएको थियो । मैले बचन बोल्दै गर्दा परमेश्वरले मलाई गिर्जाघरको टुप्पोमा मृत्युको दूत बसेको दर्शन दिइरहनुभएको थियो । बचन बोल्न एकछिन स्थगित गरेर दर्शनको बारेमा बिशपलाई बताएँ ।

बिशपले यो दर्शन परमेश्वरबाटको हो भनेर म स्वीकार गर्दिन भनेर  मलाई भने, किनभने दोस्रो विश्व युद्धको समयमा जापानीहरूले २० जना अस्ट्रेलियन नर्सहरू चर्चको चौरमा लिएर आए, उनीहरूलाई गोली हाने र त्यहीं उनीहरूलाई गाडे । युद्धपछि सम्म उनीहरूको शरीर त्यहीं रहेको थियो ।

त्यसपछि हामीले चर्चको बाहिरपट्टि फेरो मार्ने र चौरलाई परमेश्वरको नाममा दावी गर्ने बिचार गऱ्यौं । हामीले फेरो मार्दै गर्दा ७४७ जेट एरोप्लेनको जस्तै गुड्डुडु आवाजमा बतास गिर्जाघरको टुप्पोमा बहन थाल्यो, बतास माथिबाट बहँदै मानिसहरू भएकोतिर आयो र सबैलाई भुईमा पछारिदियो  । धर्मशास्त्रअनुसार पेन्तिकोसको दिनमा चेलाहरूमाथि परमेश्वरको शक्ति आउँदा जस्तो आवाज आएको थियो, त्यो बतासको पनि त्यस्तै थियो ।

बिशपले कराउँदै भने, *"हामीलाई के भइरहेको छ ?"* हामी सेवा समापन गर्न चर्चमा फर्कदा परमेश्वर हामीसँग बोल्नु भएको र उहाँले चर्चको टुप्पोबाट अन्धकारको दूतहरूलाई हटाएर आफ्नो महान शक्ति फेरि देखाउनु भएको कुरा हामीले महसुस गऱ्यौं ।

यही घट्नाले सिंगापुरका हरेक एङ्लिकन चर्चले पवित्र आत्माको शक्तिमा ठूलो जागृतिको अनुभव गरेका थिए । सिङ्गापुर डायोसिस आज पनि  विश्वमा बाइबलअनुसार विश्वास गर्ने धेरै सदस्यहरू भएको प्रमुख चर्चहरूमध्ये एउटा प्रमुख समुहमा पर्दछ ।

"यूथ फोर क्राइष्ट" नामक ख्रीष्टियन सँस्थासँग मिलेर ख्रीष्टमस विदाको समयमा १४ बर्षसम्म हामीले अकल्यान्डको बे अफ आइल्यान्ड नोर्थको हाम्रो खेती जग्गामा यूथ क्याम्प आयोजना गर्ने गर्दथ्यौं । त्यस क्याम्पमा औसत उपस्थिति १४०० रहेको थियो । ती क्याम्पमा धेरै युवा–युवतीहरूले नयाँ जीवन पाए ।

पहिलो क्याम्पको रातमा मैले युवा–युवतीहरूका भीडलाई सम्बोधन गरिरहेको थिएँ र पापको पश्चाताप गर्नु भनेर उत्साह दिइरहेको थिएँ, त्यसबेला सिंगापुर चर्चमा जस्तो बतास आएको थियो, त्यस्तै बतास सभाको पछाडिपट्टिबाट मतिर हुरुरु आइरहेको सुनें ।

त्यसै बखत मेरो पछाडिपट्टिबाट फेरि त्यस्तै बतास हुरुरु आइरहेको सुने । दुवैतिरबाट आएका बतासहरू बेजोड आवाजका थिए । दुई दिशाबाट आएका बतासहरूको सभाको बीच भागमा भेट भयो र तुरुन्तै युवा–युवतीहरू आफू बसेको सिटबाट यता र उत्ता पछारिए । त्यहाँ भद्रगोल भयो । मानिसहरू डरले चिच्याउन थाले । कतिपयले त्यहाँबाट टाप कसे । अरुहरूचाहिँ भवनको छत्तिर गए । आयोजकहरू भने अलमलमा परे । ठीक अवस्थामा आइपुग्न दिनभर लाग्यो ।

दुई दिनपछि हामीले युवायुवतीहरूले दिइएका दजर्नौ गवाहीहरू सुन्यौं । ईश्वरीय बतास आएपछि हाम्रो जीवन क्षणभरमा नै परिवर्तन भयो भनेर उनीहरूले गवाही बाँड्े । धेरै युवायुवतीहरू गरिब घरानाबाट आएका थिए र परमेश्वरले उनीहरूको जीवन अचम्म तरिकाले परिवर्तन गर्नुभएको सुन्दा तपाई रुनु बाहेक अरु केही गर्न नै सक्नुहुन्न । उनीहरू ड्रग्सबाट, अनैतिक कामबाट, र त्यस्ता धेरै पापहरूबाट छुटकारा भएका थिए ।

हामीले आयोजना गरेको सभामा धेरै लामो समयदेखि चङ्गाइको अनुभव गरेका मानिसहरूलाई गवाही बाँड्नको निम्ति मैले केही समयअघि निम्तो दिएको थिएँ । हामीले त्यसको परिणामस्वरुप ५४ प्रकारको अवस्थाबाट गुज्रेका मानिसहरूको १२४ वटा गवाहीहरू समेटेर डि.भि.डी. बनायौं त्यहाँ २० बर्षभन्दा पुरानो रोगहरू निको भएको गवाहीहरू पनि छन् ।

# अध्याय तेह्र
# तपाईं नि त ?

हामीले आफ्नो जीवन पूर्णरुपले येशूमा अर्पण गऱ्यौं भने हामीभित्र पवित्र आत्मा बस्नुहुन्छ भनेर बाइबलले बताउँदछ । पवित्र आत्मा हुनुभएकोले विश्वासीमा महान शक्ति हुन्छ साथै विश्वासीले पवित्र आत्माको अभिषेकको अनुभव गर्न सक्दछ । पवित्र आत्माको अभिषेकको अनुभव हुनु नै हामीभित्र परमेश्वरको प्रत्यक्ष उपस्थिति हो । हामीले प्रायःजसो पवित्र आत्माको अभिषेक तातो अथवा साँच्चिकै शक्तिजस्तो अनुभव गर्दछौं र उहाँले हामीलाई बिना डर उहाँको बारेमा अरु मानिसहरूलाई बताउने सामर्थ दिनुहुन्छ । पहिलो शताब्दीका इसाई मण्डलीहरू यसरी नै निर्माण भएका थिए ।

हामीले उहाँलाई पछ्यायौं भने म तिमीहरूलाई कहिले छोड्ने छैन, कहिले त्याग्ने छैन भनेर परमेश्वरले अझै प्रतिज्ञा गर्नु भएको छ । हामी भित्र हुनुभएको पवित्र आत्माको शक्तिले बिरामीहरूको निम्ति हामी प्रार्थना गर्न सक्छौं, भूतहरू धपाउन सक्छौं साथै अचम्मको आश्चर्यकर्महरू अनुभव गर्न सक्छौं ।

म नयाँ गरी जन्मनुअघि म कठोर वकिल थिएँ । मैले कुनै कुराको अनुभव र स्पर्श नगरी त्यस कुरामाथि म विश्वास गर्दै गर्दिन थिएँ । मैले परमेश्वरमा आफ्नो जीवन दिइसकेपछि उहाँले अलौकिक कुराहरूप्रति आँखा खोलिदिनुभएर उहाँको उपस्थिति मलाई प्रकट गर्नुभयो । मैले उहाँको प्रतिज्ञा हामीभित्र सत्य भएर रहेको पाएको छु ।

म हरेक दिन बाइबल अध्ययन गर्दछु र सँधै परमेश्वरले मलाई सत्यको बिषयमा ताजा प्रकाश दिनुहुन्छ । प्याट र मैले हाम्रो परिवार र अन्य मानिसहरूको निम्ति हरेक दिन प्रार्थना गर्दा हाम्रो प्रार्थनाको सुनुवाई भएको हामीले पाएका छौं ।

परमेश्वर साँच्चिकै हुनुहुन्छ । परमेश्वरको राज्य न त वीर मानिसहरूले न त ठूला भद्र मानिसहरूले न त बुद्धिजीवि मानिसहरूले पाउनेछ । परमेश्वरको राज्य प्राप्त गर्नको निम्ति सानो बालकजस्तै हुनुपर्छ र उहाँको राज्यमा पस्ने इच्छा राखेर उहाँमा आफूलाई अर्पण गर्नुपर्दछ । भन्नुखोजेको कुराचाहिँ यहि हो कि हामीले उहाँमा आफ्नो जीवन अर्पण गरेरमात्र उहाँको राज्यमा प्रवेश गर्न सक्नेछौं । येशू ख्रीष्टद्वारा परमेश्वरसँग मेरो ब्यक्तिगत सम्बन्ध छ । परमेश्वरलाई मलाई वास्ता गर्ने प्यारो पिता र संकष्टको समयमा उहाँलाई पुकार गर्न सक्ने परमेश्वरको रुपमा चिनेको छु ।

म इसाई हुँ भनेर मैले भन्न खोजेको कुरा पनि त्यही नै हो । येशू ख्रीष्टको माध्यमद्धारा धर्मपुत्रको रुपमा स्वीकार गरिएर म परमेश्वरको सन्तान भएको छु । म विश्वासी भएको कारण परमेश्वरले मभित्र वास गर्नको निम्ति पवित्र आत्मा पठाउनुभएको छ अनि उहाँको उपस्थिति म भित्र भएको सँधै थाहा गर्दछु । हामीभित्र रहनलाई पवित्र आत्मा पठाउनेछु भनेर येशू प्रभुले प्रतिज्ञा गर्नुभयो र उहाँले पठाउनुभएको पवित्र आत्मा हाम्रो सहायक हुनुहुन्छ, जस्तो परमेश्वर हाम्रो सहायक हुनुहुन्छ ।

परमेश्वरले उहाँको बचन सुन्न तयार हुने र प्रभु येशूलाई आफ्नो मुक्तिदाता भनेर स्वीकार गरीकन परमेश्वरमा आफ्नो जीवन अर्पण गर्न चाहने हरेक ब्यक्तिलाई पवित्र आत्मा दिनुहुनेछ ।

मैले ३५ बर्षअघि जिएको पुरानो जीवनमा म कहिलेपनि फर्केर जान चाहन्न । म दुष्ट मानिस थिइन, वास्तवमा मैले धेरै असल काम गर्न प्रयास गरें । असल मानिस स्वर्ग जान्छ भन्नेचाहिँ होइन । हाम्रा असल कार्यहरूले हामीलाई स्वर्गमा पुऱ्याउँदैन । परमेश्वरमा गरिएको विश्वासले मात्र हामी स्वर्ग जान्छौं । यदि असल कार्यले मात्र हामीलाई स्वर्गमा पु–याउने हो भने परमेश्वरको पुत्र प्रभु येशू ख्रीष्टले कुटाइ खानुपर्ने, रगतपच्छे हुनुपर्ने, कोर्रा खानुपर्ने, गिल्ला सहनुपर्ने र मर्नलाई क्रूशमा टाँगिनुपर्ने थिएन । परमेश्वरको थुमाको रुपमा उहाँले हाम्रा सबै पापहरू आफैमाथि लिनुभयो र उहाँलाई विश्वास गर्नेहरूलाई अनन्त जीवन दिनुभयो ।

अनन्त जीवन परमेश्वरको वरदान हो । अनन्त जीवन हामीले आर्जन गर्न सक्दैनौं । परमेश्वरमा हाम्रो पाप स्वीकार गरेर, उहाँको सामु आफैलाई विनय तुल्याएर र उहाँलाई हाम्रो जीवनको प्रभु हुन प्रार्थना गरेर हामीले अनन्त जीवन प्राप्त गर्नेछौं ।

येशू तेस्रो दिनमा मरेकोहरूबाट बिउँतनुभयो र उहाँले हामीसँग हुनको निम्ति पवित्र आत्मालाई पठाउनुभयो । यदि तपाईले आफ्नो "म" लाई उहाँमा अर्पण गर्न तयार हुनहुन्छ भने तपाईले उहाँको उपस्थिति आफ्नो जीवनमा अनभुव गर्न सक्नुहुनेछ । परमेश्वरकहाँ पुग्ने एकमात्र बाटो भनेको येशू ख्रीष्ट नै हुनुहुन्छ । उहाँ बाटो, सत्य र जीवन हुनुहुन्छ ।

यदि तपाई आज राती मर्नुभयो भने तपाई स्वर्ग जाँदैहुनुहुन्छ कि नरक जाँदैहुनुहुन्छ, तपाईलाई थाहा छ ? हामीले फेर्ने सास परमेश्वरबाट नै आएको हो । हाम्रो जीवन पानीको वाफभन्दा बाहेक अरू केही पनि होइन अनि यो एक निमेषमा नै हराइहाल्छ । तपाई मर्न तयार हुनुहुन्छ ?

मृत्युको घडीमा मेरो आत्माले यस देहलाई जब छोडेको हुन्छ, मैले त्यसबेला आफ्नो धनसम्पति, पैसा अथवा कुनै पनि कुरा लिएर जान सक्दिन। म संसारमा नाङ्गै आएँ र नाङ्गो नै जानेछु ।

मैले यस संसारमा छोड्ने विरासत भनेको मेरा छोराछोरीहरू मात्र हुन् । यदि उनीहरू विश्वासी भएर जिइरहन्छन् भने उनीहरूले पनि परमेश्वरलाई चिन्ने छोराछोरीहरू यस संसारमा विरासतको रुपमा छोड्नेछन् ।

मैले यस संसारमा छोड्ने अर्को विरासत भनेको मेरो "आत्मिक छोराछोरीहरू" मात्र हुन् । ति मानिसहरू भनेका ती हुन् जसलाई मैले प्रभुमा डोऱ्याएको हुन्छु र उनीहरू परमेश्वरको आत्माबाट नयाँ जन्म पाएका हुन्छन् साथै परमेश्वरको सामु पवित्रतामा जिउँछन् । उनीहरू पनि स्वर्गमा प्रवेश गर्नेछन् ।

हामीले प्रायः भुल्ने गरेको सामान्य कुरा यो नै हो । के तपाई आफ्नो जीवन प्रभु येशूमा अर्पण गर्न र परमेश्वरको आत्माबाट नयाँ गरी जन्मन तयार हुनुहुन्छ ? यदि तपाई चाहनुहुन्छ भने म तपाईलाई तलको प्रार्थना गर्नुहोस् भनेर उत्साह दिनचाहन्छु ः

*"प्यारो स्वर्गमा हुनुहुने परमेश्वर पिता, म तपाईको पुत्र येशू ख्रीष्टको नाममा तपाईकहाँ आउँदछु । म मेरा सबै पापहरूको क्षमा माग्दछु । तपाईले येशू ख्रीष्टलाई मेरो पापको दण्ड तिर्न र मलाई अनन्त जीवन दिन भनेर संसारमा क्रूशमा मर्न पठाउनुभयो भनीकन म विश्वास गर्दछु ।*
*तेस्रो दिनमा येशू प्रभु मृत्युबाट बौरी उठ्नु भइकन परमेश्वरको दाहिने बाहुलीमा बस्नुभएको छ भनेर विश्वास गर्दछु । अब म तपाईतिर फर्कन चाहन्छु । मेरा सम्पूर्ण पापहरूबाट म फर्केर आएको छु र तपाईलाई मुक्तिदाता र प्रभु बनाउन चाहन्छु । मलाई बचाउनु भएको लागि प्रभु तपाईलाई धन्यवाद ।"*

यदि तपाईले विश्वास गरेर यो प्रार्थना गनुभएको हो भने परमेश्वरले प्रार्थना सुन्नुहुनेछ । तपाई बाइबललाई पूर्ण रुपमा विश्वास गर्ने मण्डलीमा जानुपर्छ र दिनहुँ बाइबल पढ्नुपर्छ । सकेसम्म तपाईले चाँडै पानीको बप्तिष्मा लिनुपर्छ ।

तपाईले पवित्र आत्माको बप्तिष्मा चाहनुपर्छ साथै अन्य भाषामा बोल्नु पर्दछ । यसो गर्नुभएमा तपाईले येशू ख्रीष्टको बारेमा अरुहरूलाई सुसमाचार सुनाउँदा, बिरामीहरूलाई निको तुल्याउँदा साथै भूतहरू भगाउँदा शक्ति मिल्नेछ । तपाईले पवित्र आत्माको शक्ति थाहा गर्नुहुनेछ अनि परमेश्वरको प्रेमले तपाईको जीवन भरिरहनेछ ।